# समाज लघुवित्त वित्तीय संस्था लिमिटेड
# Samaj Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको संस्था)

(तिन जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय : मलगंवा नगरपालीका-१०, मलगंवा, सलाही , फोन नं. ०४६ - ५२१७९५, फ्याक्स ०४६ - ५२१७९५
Email : samajlbsl@gmail.com, website: www.samajlaghubitta.com.np

## Unaudited Quarterly Financial Statement

As at 2nd Quarter (15/10/2081) of the Fiscal Year 2081/082 (Rs. '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **470895.39** | **462906.06** | **466968.52** |
| 1.1 | Paid-up Capital | 22850.00 | 22850.00 | 22850.00 |
| 1.2 | Reserves and Surplus ** | 27881.04 | 23681.06 | 29698.59 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 271837.58 | 265299.57 | 246519.09 |
| 1.5 | Deposits (a+b) | **133745.74** | **137607.47** | **160590.04** |
| | a. Domestic Currency | 133745.74 | 137607.47 | 160590.04 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 14581.03 | 13467.96 | 7310.80 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **470895.39** | **462906.06** | **466968.52** |
| 2.1 | Cash & Bank Balance | 11818.20 | 12786.41 | 14947.22 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | | | |
| 2.4 | Loans & Advances | 443723.12 | 436391.99 | 442731.25 |
| 2.5 | Fixed Assets | 1037.74 | 1026.44 | 984.99 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 14316.33 | 12701.22 | 8305.05 |
| 3 | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 27429.01 | 11493.94 | 62826.43 |
| 3.2 | Interest Expense | 16783.59 | 9492.90 | 42561.78 |
| A | **Net Interest Income (3.1-3.2)** | **10645.42** | **2001.04** | **20264.65** |
| 3.3 | Fees Commission and Discount | 250.28 | 153.69 | 655.59 |
| 3.4 | Other Operating Income | 1974.24 | 935.04 | 6022.41 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **12869.94** | **3089.77** | **26942.64** |
| 3.6 | Staff Expenses | 5619.93 | 3237.36 | 10734.86 |
| 3.7 | Other Operating Expenses | 3058.06 | 1478.71 | 6051.01 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **4191.95** | **-1626.30** | **10156.78** |
| 3.8 | Provision for Possible Loss | 13723.21 | 7224.04 | 33190.48 |
| D | **Operating profit (C-3.8)** | **-9531.26** | **-8850.34** | **-23033.70** |
| 3.09 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 9551.06 | 4638.03 | 31177.41 |
| E | **Profit From Regular Activities (D+3.09+3.10)** | **19.80** | **-4212.31** | **8143.70** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **19.80** | **-4212.31** | **8143.70** |
| 3.12 | Provision For Staff Bonus | **1.98** | | **814** |
| 3.13 | Provision For Tax | **5.35** | | **2,199** |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **12.47** | **-4212.31** | **5130.53** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.99% | 10.29% | 11.76% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.90% | 4.48% | 4.82% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 258.75% | 267.31% | 21.82% |
| 4.4 | Cost of Funds | 52.24% | 7.96% | 11.06% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 331.77% | 317.13% | 241.35% |
| | **Additional Information (Optional)** | | | |
| 1.1 | Average Yield (Local Currency) | 15.00% | 15.00% | 15.00% |
| 1.2 | Net Interest Spread (Local Currency) | 25.64% | 7.04% | 3.94% |
| 1.3 | Return on Equity | 0.02% | -13.78% | 9.76% |
| 1.4 | Return on Assets | | -1.38% | 1.10% |
| 1.5 | Per Share Networth | 222.02 | 203.64 | 229.97 |
| 1.6 | Per Share Income (Annualize) | 0.05 | -18.43 | 22.45 |
| 1.7 | Market Price Per Share | 2999.9 | 2999.9 | 2926 |
| 1.8 | Liquidity Ratio | 2.91% | 3.17% | 3.67% |
| 1.9 | Price-Earning Ratio (P/E Ratio) | NA | NA | NA |
| **Note :** | -- Above unaudited financial statement is subject to change if instructed by the statutory auditor and regulatory authority.<br>-- Company Interest rate on deposit 7.5% to 10% and on loan & Advance is 15%. | | | |

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्वन्धित)

## आ.व. २०८१/०८२ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**क) त्रैमासिक अवधिको वासलात,** नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख) प्रमूख वित्तीय अनुपातहरु :**

| | | | | | |
|---|---|---|---|---|---|
| प्रति शेयर आम्दानी रु. (बार्षिकमा) | रु.(०.०५) | प्रति शेयर नेटवर्थ | रु.२२२.०२ | तरलता अनुपात | २.९१% |

**२. व्यवस्थापकिय विश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्वन्धी विवरण :** वित्तीय क्षेत्रमा देखिएको तरलताको अभावको कारण समिक्षा अवधिमा लक्ष्य अनुसार व्यवसाय विस्तार हुन नसकि कुल वित्तीय मौज्दातका साथै तरलतामा समेत अपेक्षाकृत बृद्धि हुन सकेन। विगतमा बैंक तथा वित्तीय संस्थाहरुसँग लिईएको थोक विपन्न वर्ग कर्जाको वार्षिक व्याजदरमा क्रमिक रुपमा बृद्धि हुनुको साथै वित्तीय तथा प्रशासनिक खर्चहरु तुलनात्मक रुपमा बढ्न गई कुल वित्तीय आम्दानीमा समेत प्रत्यक्ष प्रभाव परेको छ। तसर्थ कर्जा असुली प्रक्रियालाई थप व्यस्थित बनाई गुणस्तरिय कर्जा लगानीलाई प्राथमिकतामा राखि व्यवसाय विस्तारमा जोड, वित्तीय क्षमतामा अभिवृद्धि साथै भाखा नाघेको कर्जाको व्यवस्थापनलाई प्राथमिकतामा राखि चालु त्रैमासमा वित्तीय मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक बृद्धि हुने गरी रणनीतिक योजना सहित व्यवस्थापन पक्ष अघि बढिरहेको छ।

**ख. आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** आर्थिक वर्ष २०८१।८२ को स्वीकृत संस्थागत बार्षिक नीति, कार्यक्रम तथा बजेट अनुरुप संस्थाको आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु अघि बढिरहेको छ। संस्थाको आर्थिक, प्रशासनिक तथा संचालित कार्यक्रमलाई थप प्रभावकारी एवम् गुणस्तरीय बनाउने उद्देश्यले विगतमा कार्यान्वयनमा आएका नीति कार्यविधिहरु समयानुकुल आवश्यक परिमार्जन गर्दै सोको उत्कृष्ट कार्यान्वयन तर्फ व्यवस्थापन पक्ष सदैव गम्भिर रहँदै आईरहेको छ। कार्यरत कर्मचारीहरुलाई आआफ्नो क्षेत्रमा दक्ष एवम् क्षमतावान् बनाउने उद्देश्यले आन्तरिक तथा बाह्य तालिम तथा गोष्ठी संचालन गर्नुको साथै संचालित लघुवित्त कार्यक्रमको नियमित अनुगमन तथा सुपरिवेक्षणको लागि दक्ष सुपरिवेक्षकहरुको नियुक्ति गरी शाखा कार्यालयहरुको समग्र क्षमता अभिवृद्धि एवम् निर्धारित लक्ष्य अनुरुप प्रगति हासिल गर्ने तर्फ वित्तीय संस्था अघि बढिरहेको छ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण :** विगतमा आर्थिक मन्दी ले सिर्जना गरेको विषम परिस्थिति, वित्तीय बजारमा देखिएको तरलता अभाव, थोक विपन्न वर्ग कर्जामा उच्च व्याजदर बृद्धि, लघुवित्त संस्थाहरु बिच देखिएको अस्वस्थ्य प्रतिस्पर्धा, लघुवित्त कार्यक्रम विरोधी समूह आदिको कारण वित्तीय संस्थाले लक्ष्य अनुसार प्रगति हासिल गर्न चुनौतीपूर्ण देखिएको भएता पनि सम्बन्धीत सरोकारवाला निकायहरुसँगको समन्वय एवम् देखिएको चुनौतीहरुको शूक्ष्म अध्ययन गरि रणनीतिक योजना सहित संस्थालाई सकारात्मक दिशा तर्फ अघि बढाउने लक्ष्यका साथ वित्तीय संस्था अघि बढिरहेको छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण : समिक्षा अवधिमा कानूनी कारबाही सम्बन्धी कुनै किसिमको मुद्दा दायर नभएको ।**

**४. लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

क) शेयर कारोबार धितोपत्र बजारबाट निर्देशित रहने हुँदा यस संस्थाको शेयर कारोबार दोश्रो बजारमा सकारात्मक रहेको छ। लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा संस्थाको व्यवसायिक अभिवृद्धि सँगै कारोबार मूल्य सकारात्मकता तर्फ उन्मुख भएको र भविष्यमा पनि सकारात्मकता तर्फ उन्मुख हुने अपेक्षा गरिएको छ।

ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार मिति २०८१/०७/०१ देखि २०८१/०९/२९ सम्मको अवधिमा संस्थाको शेयरको कारोबार विवरण निम्न अनुसार भएको देखिन्छ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.४१८१ | रु.३०६७.४० | रु.३२८८ | ५५ | ३०५४ |

**५. समस्या तथा चुनौती :** -लघुवित्त संस्थाहरुको संख्यात्मक बृद्धि सँगै अस्वस्थ्य प्रतिस्पर्धाको कारण गुणस्तरिय लघुवित्त सेवा प्रवाह गर्न चुनौती हुने देखिएको छ हाल वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको कारण लक्षित वर्गहरुको आवश्यकता बमोजिम कर्जा प्रवाह हुन नसकी लक्ष्य अनुरुप व्यवसाय विस्तारमा गर्न थप चुनौति हुने देखिएको छ। ( लघुवित्त कार्यक्रम विरोधी समूहहरुले नियमित फिल्ड संचालनमा गरेको अवरोध। ( दक्ष एवम् नैतिकवान् जनशक्तिको अभावको कारण लघुवित्त कार्यक्रमको मर्म अनुरुप प्रभावकारी रुपमा संचालन गर्न थप चुनौति हुने देखिएको छ। यद्यपी, वित्तीय संस्थाले हाल देखिएको समस्या तथा चुनौतीहरुको शूक्ष्म अध्ययन गरि विद्यमान चुनौतीहरुलाई अवसरको रुपमा लिई वित्तीय संस्थाको समग्र सूचकहरुलाई सदैव सकारात्मक कायम राख्न वित्तीय संस्थाले आवश्यक रणनीतिक योजना सहित अघि बढिरहेको छ।

**६. संस्थागत सुशासन :** संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ। संचालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभुति गराउन संस्था सदैव क्रियाशील छ। संस्थाले संस्थागत सुशासन कायम गर्नको लागि नेपाल राष्ट्र बैक तथा अन्य नियमनकारी निकायद्धारा जारी गरिएको निर्देशनहरुको पूर्ण कार्यान्वयनको लागि सञ्चालक समितिले विभिन्न नीति तथा निर्देशिकाहरु तयार गर्ने र उक्त नीति तथा निर्देशिकाहरुलाई व्यवस्थापन पक्षले कार्यान्वयन गर्दै आईरहेको छ।

**७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :** आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन

प्रबन्ध निर्देशक : निमेष कर्ण, सम्पादक : विश्वनाथ ठाकुर, प्रकाशक : सर्लाही संचार केन्द्र मुद्रण :दुर्गा अफसेट प्रेस, मलगंवा सर्लाही E-mail: newsthakur@gmail.com 9854038000